# कर्जन्हा नगरपालिका

# स्थानिय राजपत्र

खण्ड १ संख्या १० प्रकाशन मिति : २०७९।१२।१५ गते

## भाग - १

## कर्जन्हा नगरपालिका

### नगरपालिकाको प्रशासकीय कार्य विधि (नियमित गर्ने) ऐन, २०७९

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कर्जन्हानगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम कर्जन्हा नगरपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन कर्जन्हा नगरपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** :(१)बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन”भन्नाले कर्जन्हानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ लाई सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले कर्जन्हानगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) “नगरपालिका”भन्नाले कर्जन्हा नगरपालिकालाई सम्झनु पर्छ ।

(ङ) “सभा”भन्नाले संविधानको धारा २२३ बमोजिम गठन भएको कर्जन्हानगरपालिकाको नगरसभालाई सम्झनु पर्छ ।

(च) “संविधान”भन्नाले नेपालको संविधान, २०७२ लाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१)नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त कर्जन्हानगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा(१)वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:**(१) संविधान, ऐन तथा यस ऐन अन्तरगतवनेको नियमावलीको अधिनमा रही कर्जन्हानगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

प्रमाणिकरण मिति : २०७९।१२।१५

आज्ञाले
बुद्धिमान दनुवार
प्रमुख प्रशासकिय अधिकृत